सुनिलस्मृति गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

सुनिलस्मृति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुलिचौर, रोल्पा २०७३

प.सं.: २०७९/०८०
च.नं.:

मिति:२०७९/०८/११

**विषय:- लोकगीत प्रतियोगिता सम्वन्धी सूचना।**

उपर्युक्त विषयमा **"UNITE! ACTIVISM TO END VIOLENCE AGAINST WOMEN & GIRLS"** अन्तर्राष्ट्रिय नारा र **"सभ्य समाजको पहिचान: लैङ्गिक हिंसा विरुद्धको अभियान"** भन्ने राष्ट्रिय नारा सहित मनाउन गइरहेको लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान २५ नोभेम्बर देखि १० डिसेम्बर,२०२२ (तदानुसार मंसिर ९ देखि २४, २०७९ ) को अवसरमा तपशीलको मिति, स्थान र समयमा महिला समुह, महिला विकास समिति र आमासमूहहरुका लागि लैंगिक हिंसा न्यूनीकरण सम्वन्धी गाउँपालिका स्तरीय **लोकगीत** प्रतियोगिताको आयोजना गरिएकाले सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशील**
मिति: २०७९ मंसिर २४ गते
समय : विहान १०.३० बजे
स्थान : गाउँपालिकाको सभाहल

**प्रतियोगिताको नियमहरु:**

१ प्रतियोगितामा सहभागी हुन महिला समुह, समिति, आमा समूहको सदस्य हुनुपर्नेछ।
२ गीत गाउने एक समूहमा बढीमा ३ जना हुनुपर्नेछ।
३ गीतको शब्द चयन गर्दा मर्यादित, कसैलाई व्यक्तिगत आक्षेप र लाञ्छना नलाग्ने हुनुपर्नेछ।
४ लोकगीतले लैङ्गिक समानतामा सकारात्मक र प्रवर्द्धनात्मक सन्देश दिने हुनुपर्नेछ।
५ गीतमा कुनै निश्चित राजनीतिक दल, दलको नेता, धार्मिक समुदाय वा सो समुदायका अगुवा वा निश्चित व्यक्तिको पक्षपोषण गर्ने हुनुहुदैन।
६ गीत कुनै स्रोतबाट नक्कल नगरिएको, मौलिक र सन्देशमूलक हुनुपर्नेछ। सहभागी आफैले आफ्नो सोंचमा तयार गरिएको हुनुपर्नेछ।
७ प्रतियोगितामा विजयी प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान हासिल गर्ने प्रतियोगी समूहलाई क्रमश: रु. ५०००।, रु. ४०००।, रु. ३०००।, रु. २०००। र प्रमाणपत्र प्रदान गरिनेछ।
८ प्रतियोगी र समूहको नाम २०७९ मंसिर २३ गते भित्र गाउँपालिका कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ।

दिनेश पौडेल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**
**श्री सूचना तथा प्रविधि शाखा** : वेभसाइटमा अपलोड गरिदिनुहुन।
**श्री सबै वडा कार्यालय:** सूचना प्रचार प्रसार गरिदिनुहुन।
**नोट:** प्रतियोगीहरु र समूहको नाम फोनबाट पनि टिपाउन सकिनेछ।
सम्पर्क नं. ९८४३७७२९८४